पोखरा विश्वविद्यालय

# विज्ञान तथा प्रविधि संकाय

## डीनको कार्यालय

पोखरा-३०, कास्की

पत्र संख्या :

चलानी नं. :

मिति: २०७८/०५/२४

### पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायको पुर्णशुल्कीय र छात्रवृत्तिको ME Computer/M Sc ISE/M Sc Computer Science, MSc SE/MSc PHDE/ MSc HE/ MSc TEAM, M Sc NRM/M Sc IWRM/M Sc EM , MSc CM र MSc Bioinformatics कार्यक्रमहरुको प्रवेश परीक्षाको दावी विरोध पश्चातको Final Merit List /Award List प्रकाशन सम्वन्धी सूचना

पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय द्वारा मिति २०७७/१२/३१ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पोखरा विश्वविद्यालयको Website https://pu.edu.np मा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत स्नातकोत्तर तहका आवेदकहरुका लागि राखिएको "पोखरा विश्वविद्यालय स्नातकोत्तरतहको विभिन्न कार्यक्रमहरुमा छात्रवृत्ति सम्वन्धि विस्तृत जानकारी" मा उल्लेख भए अनुसारका सम्पूर्ण कागजातहरु पुरा नगरेका छात्रवृत्ति-आवेदकहरुको दावी विरोध पश्चातको अन्तिम नामावली (Final Merit List) प्रकाशन गर्दा निजले Online फाराम भर्दा Upload गरेका कागजातहरुको आधारमा निजको छात्रवृत्तिको प्रकार: Full Public, Pratial Public वा Private निर्धारण गरी प्रकाशन गरिएको सम्वन्धित सवैमा सूचित गरिन्छ ।

Master of Science in Construction Management कार्यक्रममा Full Public Category अन्तर्गत छात्रवृत्तिको सुचिमा परेका उम्मेदवारहरुले पोखरा विश्वविद्यालयको Website मा राखिएको Online अनुसूचि फाराम (क) मा आफुले पढ्न चाहेको बढीमा तीन वटा क्याम्पस छानी आवश्यक विवरण भरी Scan गरी ***masterentrance.fst@pu.edu.np*** मा मिति २०७८/०५/३० गते कार्यालय समय भित्र पठाउनुपर्नेछ । यो अनुसूचि फाराम भर्न छुटाएका उम्मेदवारहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

MSc Bioinformatics कार्यक्रममा छात्रवृत्ति तर्फ छनोट सुचिमा परेका उम्मेदवारहरुले मिति २०७८/०५/३० गते कार्यालय समय भित्र यस संकायमा स्वयं सम्पूर्ण सक्कल कागजातहरु सहित उपस्थित भई पत्र बुझी मिति २०७८/०५/३० गते भित्र सम्वन्धित स्कूल/महाविद्यालयमा भर्ना समेत भईसक्नुपर्ने गरी पोखरा विश्वविद्यालय छात्रवृत्ति (पाँचौ संशोधन) सम्वन्धी नियमावली २०७६ अनुसार सम्वन्धित सवैमा यसै सूचना मार्फत सूचित गरिन्छ ।

पोखरा विश्वविद्यालय

# विज्ञान तथा प्रविधि संकाय

## डीनको कार्यालय

पोखरा-३०, कास्की

पत्र संख्या :

चलानी नं. :

अन्य कार्यक्रमहरु (MEComputer, MSc Information System Engineering, MSc Computer Science, MSc Structural Engineering, MSc Pubilc Health and Disaster Engineering, MSc Hydro power Engineering, MSc Transportation Engineering and Management, MSc Natural Resources Management, MSc Interdisciplinary Water Resources Management, MSc Environment Management) का हकमा Full Public Category अन्तर्गत छात्रवृत्तिको सुचिमा परेका उम्मेदवारहरुले सम्वन्धित Category को एकवटा मात्र कार्यक्रम छानी पोखरा विश्वविद्यालयको Website मा राखिएको अनुसूचि फाराम (ख) मा आवश्यक विवरण भरी Scan गरी ***masterentrance.fst@pu.edu.np*** मा मिति २०७८/०५/३० गते कार्यालय समय भित्र पठाउनुपर्नेछ । यो अनुसूचि फाराम भर्न छुटाएका उम्मेदवारहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

साथै पूर्णशुल्कीयतर्फ:MEComputer/MSc Information System Engineering/ MSc Computer Science, MSc SE/ MSc PHDE/ MSc HE/ MSc TEAM, MSc NRM/ MSc IWRM/ MSc EM, MSc CM र MSc Bioinformatics कार्यक्रमहरुको योग्यताक्रममा समावेश भएका उम्मेदवारहरुले भर्ना प्रक्रियाको लागि सम्वन्धीत स्कूल/महाविद्यालयहरुमा सम्पर्क गर्न सूचित गरिन्छ । स्कूल/महाविद्यालयहरुले भर्ना गर्दा संलग्न योग्यताक्रमको आधारमा भर्ना प्रक्रियाका लागि सार्वजनिक सूचना जारी गरी कार्यक्रम अनुसार आवेदन माग गरी छनोंट प्रक्रिया अगाडी बढाई मिति २०७८/०६/०६ गते भित्र भर्ना प्रक्रिया सम्पन्न गरी भर्ना भएका विद्यार्थीहरुको सूचि डीनको कार्यालय, विज्ञान तथा प्रविधि संकायमा पठाउनुहुन अनुरोध गरीन्छ । विद्यार्थीहरुको भर्ना लिँदा भर्ना सम्वन्धी सम्पूर्ण कागजातहरु लिई विश्वविद्यालयको नियमानुसार भर्ना लिन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

.............................

सह-प्रा.राजेश कुमार ठगुराठी

डीन, विज्ञान तथा प्रविधि संकाय एवम्

संयोजक पूर्णशुल्कीय/छात्रवृत्ति छनोट समिति ।